Directorate of Distance Education
University of North Bengal

PG-II (DE)/2005

२००५

# नेपाली

## छैटौं पत्र

## (साहित्य-तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति)

### प्रथमार्द्ध

### [ साहित्य तत्त्व र पूर्वीय साहित्य सिद्धान्त ]

समय : दुई घण्टा  पूर्णाङ्क : ४२

१। अलङ्कार र अलङ्कार्य विषयबारे विवेचना गर्दै अलङ्कारको मनोवैज्ञानिक पक्षमाथि प्रकाश पार्नुहोस्। १६

**अथवा**

गुण र रीति माझको सम्बन्ध प्रस्ट पारेर रीतिलाई काव्यको आत्मा मान्ने पक्षका मत र तर्कहरू सोदाहरण प्रस्तुत गर्नुहोस्।

२। ध्वनि र रसको सम्बन्धमाथि प्रकाश पार्दै अभिधामूल ध्वनिबारे सविस्तार चर्चा गर्नुहोस्। १६

**अथवा**

काव्यमा औचित्यको स्थान र महत्त्वमाथि प्रकाश पार्दै औचित्यका प्रमुख भेदहरूको निरूपण गर्नुहोस्।

P.T.O.

३। कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

५×२=१०

(क) स्फोट र शब्दशक्ति।

(ख) काव्यभाषा।

(ग) साधारणीकरण।

(घ) छन्द र लयको सम्बन्ध।

२००५

# नेपाली

## सातौं पत्र

## (नेपाली गद्य साहित्य)

## प्रथमार्द्ध

## [ नेपाली निबन्ध ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। शङ्कर लामिछानेले 'एब्स्ट्रयाक्ट चिन्तन प्याज'-मा सङ्कलित निबन्धहरूलाई 'यी मेरा कालारात्रिका उज्ञवल तारिका हुन्' भनेर किन भनेका हुन् ? विवेचनात्मक उत्तर लेख्नुहोस्। १६

**अथवा**

आत्मकथात्मक शैलीको परिचय दिँदै 'महेन्द्रमल्ली' निबन्धमा निहित विषयवस्तुको सारगर्भित चर्चा गर्नुहोस्।

२। भाव र कलापक्षका दृष्टिले लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूको समीक्षा गर्नुहोस्। १६

**अथवा**

निबन्धको अर्थ र परिभाषा प्रस्तुत गर्दै अभिव्यक्ति, विषयवस्तु र भाषा-सौन्दर्यको आधारमा 'दिव्योपदेश'-को विश्लेषण गर्नुहोस्।

P.T.O.

३। कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस्। ५×२=१०

(क) 'जय भुँडी' निबन्धमा प्रस्तुत व्यङ्ग्य।

(ख) 'तारापुञ्ज : अन्धाको ब्रेल' निबन्धमा प्रतीकात्मकता।

(ग) 'बुढ्याइँ'-को विषयौचित्य।

(घ) 'तसबीर' निबन्धको मूलभाव।

---

२००५

# नेपाली

## सातौं पत्र

## (नेपाली गद्य-साहित्य)

## द्वितीयार्द्ध

## [ नेपाली समालोचना ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। यदुनाथ खनालको समालोचनात्मक प्रवृत्तिहरूको चर्चा गर्दै उनको 'साहित्यिक चर्चा' पुस्तकको विवेचनात्मक मूल्याङ्कन गर्नुहोस्। १६

**अथवा**

सैद्धान्तिक समालोचना र व्यावहारिक समालोचनाको स्वरूप विवेचन गर्दै रामकृष्ण शर्माको समालोचकीय दृष्टि स्पष्ट पार्नुहोस्।

२। प्रगतिशील समालोचकका रूपमा गणेशलाल सुब्बाको परिचय दिँदै उनको 'मुना-मदन : एक यथार्थवादी समालोचना'-को विवेचना गर्नुहोस्। १६

**अथवा**

P.T.O.

भारतीय नेपाली समालोचना साहित्यको स्थिति र भारतीय नेपाली समालोचकहरूको दृष्टिको समीक्षा एवं मूल्याङ्कन गर्नुहोस्।

३। टिप्पणी लेख्नुहोस् (कुनै **दुईको**) : ५×२=१०

(क) समालोचक गुमानसिंह चामलिङ।

(ख) ईश्वर बरालको समालोचनात्मक प्रवृत्ति।

(ग) समालोचनाको अर्थ, परिभाषा र स्वरूप।

(घ) समालोचक इन्द्रबहादुर राई।

२००५

# नेपाली

## आठौं पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

### प्रथमार्द्ध

### [ तुलनात्मक भारतीय साहित्य ]

समय : दुई घण्टा | पूर्णाङ्क : ४२

१। सामान्य साहित्य, राष्ट्रिय साहित्य र विश्वसाहित्यको स्वरूपगत परिचय र महत्त्व दर्शाउनुहोस्। १६

अथवा

तुलनात्मक साहित्यको स्वरूप निर्धारण गर्ने कार्यमा पाश्चात्य विद्वान्हरूको प्रयासको सविस्तार चर्चा गर्नुहोस्।

२। हिन्दीका भारतेन्दु र नेपालीका मोतीरामका साहित्यिक योगदानको तुलनात्मक अध्ययन गर्नुहोस्। १६

अथवा

हिन्दी र नेपालीका राम-भक्तिकाव्यको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

P.T.O.

28 / 42 - 200

३। कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) शिवकुमार राई र प्रेमचन्दको कथाकारिता।

(ख) भारतीय साहित्यमा उपन्यासको उदय।

(ग) तुलनात्मक साहित्यको स्वरूप।

(घ) तुलनात्मक साहित्यको प्रयोजन।

---

२००५

# नेपाली

## आठौं पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

## द्वितीयार्द्ध

## [ विश्वसाहित्यको सर्वेक्षण ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। वर्डस्वर्थ र शेलीलाई रोमान्टिक कविका रूपमा चिनाउनुहोस्। १६

**अथवा**

रसियाली उपन्यास साहित्यमा टल्सटय र दस्तोएभ्स्कीका योगदानको मूल्याङ्कन गर्नुहोस्।

२। विश्व नाट्य-साहित्यमा जर्मनेली नाटककार बर्टोल्ट ब्रेख्टका योगदानमाथि प्रकाश पार्नुहोस्। १६

**अथवा**

जापानेली साहित्यकार बासो र कावाबाताको साहित्यिक प्रसिद्धिबारे चर्चा गर्नुहोस्।

P.T.O.

३। कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) महाकाव्यकार होमर।

(ख) बाल्जाकको साहित्यिक व्यक्तित्व।

(ग) 'वेटिङ फर गोदो।

(घ) कवि अमीर खुसरो।

---

२००५

# नेपाली

## विशेष अध्ययन पत्र

(यस अन्तर्गत पत्र नवौं र तेह्रौं गरी **दुईवटा** वैकल्पिक पत्र छन्। परीक्षार्थीहरूले यीमध्ये कुनै **एउटा** पत्रका प्रश्नहरूको मात्र उत्तर लेख्नुपर्नेछ।)

समय : दुई घण्टा | पूर्णाङ्क : ४२

## नवौं पत्र

## (महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य-कृतिहरू)

### प्रथमार्द्ध

### [ महाकवि देवकोटाका महाकाव्य ]

१। महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य-प्रवृत्तिहरूको सम्यग् चर्चा गरेर ''प्रमिथस'' महाकाव्यमा पाइने क्रान्तिकारि स्वरको सोदाहरण विवेचना गर्नुहोस्। १६

**अथवा**

रोमाण्टिक धाराका प्रवृत्तिहरूको परिचय दिएर ''शाकुन्तल'' महाकाव्यमा पाइने रोमाण्टिक प्रवृत्तिहरूको सोदाहरण विवेचना गर्नुहोस्।

P.T.O.

२। 'पृथ्वीराज चौहान' महाकाव्यमा ''युगव्यञ्जक देशभक्ति र स्वातन्त्र्यचेतका साथै आत्मबलिदानी सांस्कृतिक-राजनैतिक पुनर्जागरणचेत तीव्र रूपमा सुसाएको छ'' – विवेचना गर्नुहोस्। १६

**अथवा**

''महाकवि लक्ष्मीप्रसाद देवकोटा र नेपाली महाकाव्य'' शीर्षक दिएर एउटा समीक्षात्मक लेख लेख्नुहोस्।

३। कुनै **दुई** विषयमा टिप्पणी लेख्नुहोस् : ५+५=१०

(क) ''वन-कुसुम'' महाकाव्यको नामकरण।

(ख) ''सुलोचना'' महाकाव्यको नायक।

(ग) ''महाराणा प्रताप''-का सालुम्ब्रा सरदार।

(घ) महाकवि देवकोटाको काव्यशैली।

# तेह्रौं पत्र

## (लोक-साहित्य शास्त्र र नेपाली लोक-साहित्य एवं संस्कृति)

## प्रथमार्द्ध

### [ लोक-साहित्य शास्त्र ]

१। लोक-कथा वर्गीकरणका प्रमुख आधार र पद्धतिहरू चिनाउँदै भ्लादिमिर प्रप प्रणीत पद्धतिको विशेष चर्चा गर्नुहोस्। १६

अथवा

"मानव जीवनको पारम्परिकता ठम्याउन लोक-साहित्य जस्तो सहज र विश्वसनीय अर्को पद्धति हुँदैन।" – यस कथनका आधारमा लोक-साहित्यलाई लोकजीवनको प्रतिबिम्बका रूपमा चिनाउनुहोस्।

२। 'लोक' र 'लोकेतर' सम्बन्धी अवधारणा स्पष्ट पारी साहित्यको लिखित परम्परामा लोकसाहित्यको भूमिका स्पष्ट्याउनुहोस्। १६

अथवा

'लोक साहित्य अध्ययनको अर्थतत्त्ववादी सिद्धान्त' भन्नाले के बुझिन्छ ? यस पद्धतिका सामर्थ्य र सीमाहरू केलाउनुहोस्।

P.T.O.

३। कुनै **दुई** विषय लिई सारगर्भित टिप्पणी लेख्नुहोस्।

५+५=१०

(क) कथानक रूढिको विश्लेषण।

(ख) लोककला र लोक-साहित्य।

(ग) लोकसाहित्य अध्ययनको प्रयोजन र महत्त्व।

(घ) लोक-नाटक।

२००५

# नेपाली

## विशेष अध्ययन पत्र

(यस अन्तर्गत नवौं र तेह्रौं गरी **दुईवटा** वैकल्पिक पत्र छन्। यी दुई पत्रमध्ये परीक्षार्थीले कुनै **एउटा** पत्रका प्रश्नहरूको मात्र उत्तर लेख्नुपर्नेछ।)

समय : दुई घण्टा पूर्णाङ्क : ४२

## नवौं पत्र

## (महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू)

द्वितीयार्द्ध

## [ महाकवि देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू ]

१। ''मुनामदन''-मा लक्ष्मीप्रसाद देवकोटा ईश्वरमा विश्वास राख्छन् तर उनी पुरातनपन्थी र अन्धविश्वासी छैनन्'' – यथोचित उदाहरणहरू दिँदै यस कथनको सत्यासत्य दर्शाउनुहोस्। १६

**अथवा**

आयाम एवम् संरचना स्वरूप, भाव विधान तथा भाषा-शैली र छन्द-लय विधानका दृष्टिले ''सृजामाता'' खण्डकाव्यको विवेचना गरेर यसको नामकरणको औचित्यमा प्रकाश पार्नुहोस्।

P.T.O.

२। प्रकृतिप्रेम, सौन्दर्यप्रेम र प्राकृतिक जीवन परिपाटिको महिमागानका दृष्टिले ''भिखारी'' कविता सङ्ग्रहका कविताहरूको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। १६

**अथवा**

कल्पनाको उचाइ, तीव्र सौन्दर्यचेत र प्रकृतिप्रेमका दृष्टिले ''सन्ध्या'' र ''इन्द्रेनी'' कविताको मूल्याङ्कन गर्नुहोस्।

३। कुनै **दुई** विषयमा टिप्पणी लेख्नुहोस् : ५+५=१०

(क) ''दोर्जीलिङको बाघचूलीमा'' कविता।

(ख) ''म्हेन्दु''-मा प्रदर्शित प्रेमको स्वरूप।

(ग) महाकवि देवकोटाको अन्तिम कविता।

(घ) ''लूनी'' खण्डकाव्यको चाङना।

---

## तेह्रौं पत्र

## (लोक साहित्यशास्त्र र नेपाली लोक साहित्य एवं संस्कृति)

## द्वितीयार्द्ध

## [ नेपाली लोक साहित्य र लोक संस्कृति ]

१। नेपाली लोक-परम्पराका पृष्ठभूमिका रूपमा खस र किरात जातिका लोक-सांस्कृतिक परम्परा चिनाउनुहोस्। १६

**अथवा**

नेपाली लोक-काव्यका विविध स्वरूप र प्रवृत्तिको परिचय दिनुहोस्।

२। लोक साहित्य अध्ययनको सन्दर्भवादी पद्धतिका आधारमा 'मालसिरी' र 'सँगिनी' को परिचय दिनुहोस्। १६

**अथवा**

नेपाली उखान-टुक्काहरूमा प्रतिबिम्बित समाज र संस्कृतिबारे एउटा गहकिलो लेख लेख्नुहोस्।

३। कुनै **दुई** विषयमा टिप्पणी लेख्नुहोस् : ५+५

(क) सोरठी र मारूनी।

(ख) देउसी र भैलो।

(ग) डम्फू र सेलो।

(घ) 'कोकोम्हन्दो' र 'कोइरालाको फूल' को मिथक।

---

२००५

# नेपाली

## पन्ध्रौं पत्र

## (साहित्यिक निबन्ध)

समय : तीन घण्टा पूर्णाङ्क : ८४

१। कुनै **दुईवटा** विषयमा निबन्ध लेख्नुहोस् : ४२×२

(क) तुलनात्मक भारतीय साहित्य।

(ख) नेपाली भाषाको मानस्तरीकरण र आधुनिकीकरण।

(ग) नेपाली लोकजीवन र संस्कृति।

(घ) साधारणीकरण।

---